- यस्तो बैंकिङ प्रणालीमा एक स्थानबाट अर्को स्थानमा रकम पठाउन, एक स्थानको शाखामा जम्मा गरेको रकम एकै पटक वा पटक पटक गरी अन्य कुनै शाखाबाट झिक्न, नयाँ चेकबुक लिन, अर्को व्यक्तिको अन्य शाखामा रहेको खातामा आफु रहेको स्थानको शाखाबाट रकम जम्मा गर्न लगायतका अन्य बैंकिङ्ग सेवा लिन सकिन्छ ।
- बैंक तथा वित्तीय संस्थामा रहेका Online Banking System हरुले गर्दा यसरी कारोवार गर्न सम्भव भएको हो ।
- कुनै शाखामा रकम जम्मा गरेको केहि समयमा नै सोहि बैंकका अन्य कुनै पनि शाखाबाट वा ATM मेसिनबाट रकम निकाल्न सकिन्छ ।
- बैंक तथा वित्तीय संस्थाका आफ्नै शाखाहरुका बिचमा फण्ड ट्रान्सफरको कार्य पनि हुने गर्दछ । एउटा शाखामा रकम अभाव हुँदा प्रयाप्त रकम भएको अर्को शाखाबाट फण्ड पठाई तरलताको खाँचो पुरा गर्न सकिन्छ ।
- अतः एउटै बैंकका विभिन्न शाखाहरुका विचमा हुने कारोवारलाई अन्तरशाखा कारोवार भनिन्छ । यसले बैंकिङ्ग सेवाको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

☑ **अन्तरशाखा कारोवारका फाइदाहरु के-के छन् ?**

- बैंकिङ सेवा सर्वसुलभ हुन्छ,
- ग्राहकले बैंकिङ सेवा प्राप्तिमा कठिनाई भोग्नु पर्दैन,
- बैंकिङ सेवा प्रति सेवाग्राहीको सकारात्मक सोचाइको विकास हुन्छ,
- मनिट्रान्सफर सहज हुन्छ ।
- बसाई सराई वा अन्य कुनै कारणले स्थान परिर्वतन भई जाँदा अर्को बैंकमा खाता खोलिरहने झन्जटबाट मुक्त रहन सकिन्छ ।

☑ **अन्तर बैंक कारोवारको संक्षेपमा व्याख्या गर्दै यसका फाइदाहरुबारे लेख्नुहोस् ।**

- कुनै पनि बैंक तथा वित्तीय संस्थाले अर्को कुनै पनि बैंकसँग गर्ने वित्तीय कारोवारलाई अन्तर बैंक कारोवार भनिन्छ ।
- यस्तो कारोवार निक्षेप जम्मा, ऋण सापटी तथा अन्य बैंकिङ्ग कार्यमा सहकार्यको माध्यबाट पनि हुन सक्छ ।
- कुनै बैंकले अर्को कुनै बैंकमा खाता खोलि रकम जम्मा गर्दछ भने त्यस्तो कारोबार अन्तर बैंक कारोवार हो ।
- एउटा बैंकले अर्को बैंकबाट ऋण लिन पनि सक्छ । त्यस्तो ऋण प्रदान गर्ने बैंकले प्रचलित व्याजदरमा ऋण दिने गर्दछ ।
- एउटा बैंकले अर्को बैंकलाई ऋण दिंदा लिने व्याजदरलाई अन्तर बैंक व्याजदर भनिन्छ ।
- बैंकहरुले ऋण लगानी गर्दा धितो विभाजन गर्ने गरी सहवित्तीयकरणको आधारमा मिलेर एउटै ऋणीलाई पनि ऋण प्रदान गर्न सक्छन् ।
- एउटा देशको बैंकले कुनै पनि अर्को देशको बैंकसँग पनि वित्तीय कारोवार गर्न सक्छन् ।
- यसरी एउटा बैंकले अर्को बैंकसँग गर्ने कारोवारलाई अन्तर बैंक कारोवार भनिन्छ ।

**अन्तर बैंक कारोवारका फाइदाहरु :**

- बैंकिङ्ग सेवा विस्तारमा सहयोगी,
- सर्वसुलभ बैंकिङ्ग सेवा,
- बैकहरु बिचको आपसी कारोवारले बैंकिङ्ग क्षेत्रमा समभदारी कायम गराउँछ ।
- मनिट्रान्सफर सहज हुन्छ ।
- व्यापार व्यवसायको भुक्तानी कार्य सहज बन्छ ।
- अन्तराष्ट्रिय व्यापारमा भुक्तानीको माध्यमको रुपमा दुई बैंकको संलग्नताले व्यापारमा विश्वासको वातावरण तयार हुन्छ,
- एउटा बैंकमा निष्कृय भएर रहेको पैसा अर्को बैंकले ऋण लिई लगानी गर्न सक्छ ।
- बैंकहरुबीच सुसम्बन्ध क़ायम हुन्छ ।

## ६. कोष तथा गैर कोषमा आधारित कारोवार

☑ **कोषमा आधारित कारोवार भन्नाले के बुझ्नुहुन्छ ? कोषका प्रमुख स्रोतहरु के-के हुन् ?**

- बैंक तथा वित्तीय संस्थाहरुले शेयर पूँजी, ऋणपत्र तथा ग्राहकहरुबाट संकलित निक्षेपबाट कोष रकम प्राप्त गर्दछन् । यस्तो कोषको रकम मुख्यतः व्यापार, उद्योग एवं व्यवसायलाई ऋण लगानी गरी व्याज आर्जन गर्न प्रयोग गर्छन् । सामान्यतः हाइपोथिकेसन, अल्पकालीन, मध्यकालीन, दीर्घकालीन, धितोबन्धक, सुनचाँदी, शेयरको धितोमा ऋण आदि प्रवाह गर्दछन् ।
- यसरी विभिन्न स्रोतहरुबाट कोष खडा गरी विभिन्न क्षेत्रमा लगानी गर्दै नाफा आर्जन गर्ने कार्यलाई कोषमा आधारित कारोवार भनिन्छ ।
- बैंक तथा वित्तीय संस्थाहरुको कोषको वास्तविक स्रोत शेयर पूँजी, ऋणपत्र तथा ग्राहकहरुबाट सङ्कलित निक्षेप नै हो । अन्य दायित्वहरु वास्तवमा सञ्चालनसँग सम्बन्धित दायित्वहरु भएकोले कोषको निर्माणमा त्यति महत्व राख्दैनन् ।
- बैंकहरुको मुख्य आम्दानीको स्रोत आफ्नो कोषलाई विभिन्न कर्जा तथा सापटका शिर्षकहरुमा लगानी गरी व्याज आर्जन गर्नु हो ।
- त्यसैगरी कोष रकमलाई शेयर, ट्रेजरी बिल, अन्तर बैंक ऋण जस्ता शीर्षकमा पनि लगानी गर्दछन् ।
- बैंकहरुले आफ्नो पूँजीको केही अंश स्थिर सम्पत्ती तर्फ पनि उपयोग गर्छन् ।
- बैंकहरुको मुख्य आम्दानी व्याज हो भने मुख्य खर्च पनि निक्षेपकर्ताहरुलाई प्रदान गर्ने व्याज हो ।

**कोषका मुख्य स्रोतहरु :**

- निक्षेप (मुद्दती, बचत, चल्ती)
- शेयर (साधारण र अग्राधिकार शेयर)
- जगेडा तथा कोषहरु
- साधारण/बैधानिक जगेडा कोष
- पूँजीगत जगेडा कोष (शेयर प्रिमियम, पूँजीगत जगेडा र सम्पत्ति पुनर्मूल्याङ्कन जगेडा)
- लाभांश समीकरण कोष
- संचित नाफा/नोक्सान
- ऋणपत्र तथा बण्ड
- तिर्न बाँकी कर्जा/सापटी

☑ **बैंक तथा वित्तीय संस्थाहरुले गर्ने कोषको लगानी बारे संक्षेपमा लेख्नुहोस् ।**

- बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कोषलाई विभिन्न अल्पकालीन, मध्यकालीन तथा दिर्घकालीन क्षेत्रहरुमा लगानी तथा कर्जा सापटीमा उपयोग गर्दछन् ।



www.questionbanknepal.com

- ठूला उद्योग तथा व्यवसायलाई ऋण प्रदान गर्ने देखि लिएर उपभोक्तामुखी कर्जाहरु प्रवाहमा समेत कोषको उपयोग भईरहेको छ ।
- उपभोक्तामुखी कर्जा अन्तर्गत घर कर्जा, आवास कर्जा, सवारी साधन कर्जा, शैक्षिक कर्जा, सुनचाँदी कर्जा, आदि प्रमुख रहेका छन् ।
- त्यसैगरी स्थिर सम्पत्ती, गैर बैंकिङ्ग सम्पत्ती आदिमा पनि कोषको उपयोग गरिएको हुन्छ ।
- बैंकले निक्षेपकर्ताले मागेको बखत रकम भुक्तानी दिनु पर्ने हुन्छ । त्यसकारण आफ्नो कोषको केही अंश तरल रुपमा बैंकमै राख्नु पर्ने हुन्छ ।
- निक्षेपबाट संकलित रकमको केही अंश नेपाल राष्ट्र बैंकमा अनिवार्य नगद अनुपात (CRR) को रुपमा जम्मा गर्नु पर्दछ ।
- अतः विभिन्न स्रोतहरुबाट संकलित कोषलाई अल्पकालीन, मध्यकालीन तथा दिर्घकालीन साना तथा ठूला कर्जाहरु, उपभोक्तामुखी कर्जाहरु, स्थिर सम्पत्ती, गैर बैंकिङ्ग सम्पत्ति खरिद, तरलता आदिमा लगानी गर्ने कारोबारलाई कोषमा आधारित कारोवार भनिन्छ ।
- यस अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरुले गर्ने फण्ड ट्रान्सफर, अन्तरबैंक सापटी, नेपाल राष्ट्र बैंकबाट लिने सापटी, सरकारी वचत तथा ऋणपत्रहरुको खरिद विक्रि आदि कारोवारहरु पनि पर्दछन् ।

☑ **गैर कोषमा आधारित कारोवारबारे संक्षेपमा व्याख्या गर्नुहोस् ।**

- बढ्दो आर्थिक तथा वित्तीय उदारीकरणको प्रभावले बैंक तथा वित्तीय संस्थाहरुबीचको प्रतिस्पर्धा बढ्दै गएको छ । सो प्रतिस्पर्धा व्यवस्थापन गरी उचित मुनाफा आर्जनको लागि बैंक तथा वित्तीय संस्थाले आफ्नो सेवा तथा सुविधालाई कोषमा आधारित सेवामा मात्र केन्द्रित नगरी गैह्र कोष कारोबार समेत गरेको पाइन्छ ।
- यसले बैंकहरुलाई आम्दानी वृद्धि गर्न, स्रोतको उचित उपयोग गर्न तथा जोखिमलाई विभिन्न क्रियाकलापमा/कारोबारमा विभाजन गर्न सघाउ पुऱ्याउँछ ।
- गैह्र कोषमा अधारित वित्तीय सेवामा Loan Syndication, Consultancy and Advisory Services, Capital Issue management आदि पर्दछन् ।
- गैह्र कोषमा आधारित कारोबारलाई वासलात बाहिरको कारोबारको रुपमा पनि बुझ्न सकिन्छ ।
- यसको प्रमुख पक्ष वित्तीय प्रतिवद्धता हो जसमा बैंक ग्यारेन्टि, प्रतितपत्र, बैंक स्वीकारोक्ति आदि पर्दछन् ।
- शेयर तथा कर्जा अपलेखन, डिबेन्चर ट्रस्टी, SWAP, Option आदि पनि गैह्र कोषमा आधारित कारोबारका उदाहरण हुन् ।
- यस्तो कारोबारमा बैंक तथा वित्तीय संस्थाले भविष्यमा सो सम्बन्धी दायित्व भुक्तानी गर्नुपर्ने हुन सक्छ ।
- वित्तीय कारोबार बाहेक वाणिज्य बैंकहरुले गैह्र कोषमा आधारित कारोबारहरु मर्चेन्ट बैंकिङ कारोबारको रुपमा आफै आफ्नो मर्चेन्ट बैंकिङ इकाई मार्फत वा सहायक कम्पनी मार्फत वा दुवै मार्फत सञ्चालन गर्न सक्छन् ।
- सामान्यतः प्रचलनमा रहेका गैह्र कोषमा आधारित कारोबारहरु निम्नानुसार छन् :
  - Financial Commitment (LC, Bank Guarantee, Banker Acceptance, Promissory Note)
  - Issue Management (IPO and FPO)
  - Portfolio Management
  - Corporate Counseling
  - Loan/Lease Syndication
  - Advising on Capital Structure

## ७. Bank Risks Management Including BASEL II and Related NRB Directives. (प्रशासन समूहको लागि मात्र)

☑ **बैंकिङ्ग व्यवसायमा बसेल** (BASEL) **को परिचय दिनुहोस् ।**

- सुपरिवेक्षकिय ज्ञानको प्रयोगद्वारा बैंकिङ क्षेत्रको सुपरिवेक्षणलाई गुणस्तरीय बनाई विश्वव्यापी रुपमा वित्तीय स्थिरता कायम गर्ने उद्देश्यले G10 देशका गभर्नरहरूले Banking Regulation and Supervision Practices विषयमा एउटा समिति बनाए जसलाई Basel Committee on Banking Supervision (BCBS) भनियो ।
- BCBS ले मुख्यतः निम्न उद्देश्यहरू राखेको थियो :
  - अन्तर्राष्ट्रिय बैकिङ व्यवसायमा सुपरिवेक्षकीय तरिकाको प्रभावकारीताको अभिवृद्धि गर्ने,
  - सुपरिवेक्षकीय ज्ञान, सिप र कौशलको आदानप्रदान गर्ने,
  - वित्तीय क्षेत्रमा विकास हुँदै गरेका वित्तीइ चुनौतीहरूको सामना गर्ने ।
  - अन्य Standard Setting Agencies सँग आपसी सम्बन्ध बढाउने ।
- यस समितिमा सम्पूर्ण सदस्य देशका केन्द्रीय बैकका गभर्नर तथा सुपरिवेक्षकको अधिकार प्राप्त संस्थाका प्रमूखहरू रहन्छन् ।
- बैक तथा वित्तीय संस्थामा विभिन्न प्रकारका अपेक्षित तथा अनपेक्षित जोखिमहरू हुने तथा बैकिङ व्यवसाय अरुको रकम प्रयोग गरेर आफ्नो व्यवसाय गर्ने संस्था भएको हुँदा त्यस्ता जोखिमहरूको व्यवस्थापन गर्न तथा बैकिङ व्यवसायलाई सुरक्षित र दिगो बनाउनका लागि BCBS ले बैक तथा वित्तीय संस्थाहरूले संस्थामा अन्तरनिहित जोखिमको आधारमा पुँजी कायम गर्नुपर्ने अवधारणा नै BASEL को अवधारणा हो ।

☑ **बसेल (BASEL) अन्तर्गत व्यवस्था गरिएका प्रावधानहरु बारे चर्चा गर्नुहोस्।**

बसेल (Basel) अर्न्तगत व्यवस्था गरिएका प्रावधानहरु देहाय बमोजिम रहेका छन् ।

**BASEL I : The Basel Capital Accord**

- सन् १९८० मा ल्याटिन अमेरिकी देशहरूमा भएको Debt Crisis ले बैकहरूको पुँजी बलियो हुनुपर्ने आवश्यकता उजागर गरेसँगै G10 देशमा केन्द्रीय बैकका गभर्नरहरूको समूह BCBS ले सन् १९८८ मा स्वीजरल्याण्डको बासेल सहरमा बैकको पुँजी सम्बन्धमा गरेको सम्झौतालाई BASEL - I भनेर चिनिन्छ ।
- सन् १९८८ को अवधि देखि लागु भएको यस सम्झौतालाई Basel Accord वा Basel Capital Accord वा The 1988 Accord पनि भनिन्छ ।

www.questionbanknepal.com

- BCBS ले सन् १९८८ मा बैक तथा वित्तीय संस्थाले जोखिमको आधारमा न्यूनतम कायम गर्नुपर्ने पुँजीको निर्देशन नै BASEL - I हो ।
- यस अगाडी बैकको पुंजी सम्बन्धी कुनै अन्तराष्ट्रिय मापदण्ड नभएकाले यस सम्झौतालाई बैकिङ क्षेत्रको आधार स्तम्भको रुपमा लिइन्छ ।
- Basel - I ले बैकको पुंजीलाइ प्राथमिक पुँजी र पुरक पुँजी गरी २ भागमा वर्गीकरण गर्दै तिनका अवयवहरूलाई किटानी गरी बैकको जोखिमलाई मध्यनगर गर्दै पुँजी कायम गर्नुपर्ने व्यवस्था गरियो
- यस अवधारणाले बैक तथा वित्तीय संस्थाले सृजना गर्ने सम्पत्तिका आधारमा जोखिमको स्तर मापन गर्ने र सोही आधारमा पुँजीको व्यवस्था गरेको छ ।
- वासलात भित्र तथा वाहिरका सम्पत्तिको आधारमा निश्चित प्रतिशत भार दिई सोही आधारमा पुँजी कायम गर्नुपर्ने प्रावधान गरेको छ ।
- Basel - I कार्यान्वयन पश्चात बैक तथा वित्तीय संस्थाले आफ्नो सम्पत्तिको आधारमा जोखिमको भार प्रदान गरी कुल जोखिम भारित सम्पत्ति गणना गरी सोको आधारमा न्यूनतम पुँजी कायम गर्नुपर्ने व्यवस्था गरियो ।

**BASEL - II The New Capital Framework**

- Basel - I ले कर्जा सम्बन्धी जोखिमलाई मात्र पुँजी मापनको आधार बनाएको लगायतका अन्य कमीकमजोरीहरूलाई सुधार गरी नयाँ मापदण्ड तयार गरी जारी गरिएको Basel अवधारणा नै Basel - II अवधारणा हो ।
- यस अवधारणाले बैकिङ व्यवसायमा कर्जा जोखिमका अलावा सञ्चालन जोखिम तथा बजार जोखिमका लागि समेत पुँजीको व्यवस्था गर्नुपर्ने कुराको व्यवस्था गरेको छ ।
- वित्तीय संस्थामा नियमित रुपमा व्यवसाय सञ्चालन गर्दा ठूलो मात्रामा हुन सक्ने अप्रत्याशित नोक्सानीलाई पुर्ति गर्न, निक्षेपकर्ता र बाह्य साहुहरूको सुरक्षा गर्न पुँजीको आवश्यकता हुन्छ । त्यसैले पर्याप्त पुँजी र उपयुक्त जोखिम व्यवस्थापनको माध्यमबाट सुरक्षित र मजबुत वित्तीय प्रणालीको विकास गर्नु Basel - II को प्रमुख उद्देश्य हो ।
- Basel - II ले बैंकका निक्षेपकर्ता तथा साहुहरूको हित रक्षाको लागि पुँजी पर्याप्त छ भन्ने कुराको सुनिश्चितता गराउँदछ ।
- जोखिम युक्त कारोवारको पहिचान गरी त्यसलाई न्यून गर्ने उपायहरूको व्यवस्था गर्छ र बैकिङ प्रणाली प्रति सर्वसाधारणको विश्वास अभिवृद्धि गराउँदछ ।
- बैकिङ व्यवसायमा विभिन्न जोखिमहरू हुन्छन् र ति जोखिमहरूले बैकको पुँजीमा प्रहार गर्दछन् । त्यसैले बैकले बजारमा आफ्नो अस्तित्व जोगाउन, सेवा विस्तार एवं वृद्धि गर्न, निक्षेपकर्ता तथा सरोकारवालाहरूको हित रक्षाको लागि आवश्यक मात्रामा पुँजीकोष कायम गर्नु पर्ने कुरामा Basel - II ले जोड दिएको पाइन्छ ।

☑ **बसेल दोस्रो (BASEL II) का विशेषताहरु बारे चर्चा गर्नुहोस्।**

Basel - II का मुख्य विशेषताहरु निम्नानुसार रहेका छन् :

- कर्जा बजार र सञ्चालन जोखिमका आधारमा न्यूनतम पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था गरिएको,
- सुपरिवेक्षकीय पुनरावलोकन पद्धतिको माध्यमबाट सुपरिवेक्षकलाई जिम्मेवार बनाइएको,
- बजार अनुशासन मार्फत सूचना सम्प्रेषणको व्यवस्था गरी सरोकारवाला प्रति सम्बेदनशील बनाइएको,
- देश, काल र परिस्थिति अनुसार विकल्प छनौटको स्वतन्त्रता प्रदान ।
- यस अवधारणाले पुंजी सम्बन्धमा ३ वटा Pillar को व्यवस्था गरेको छ ।

☑ **बसेल दोस्रो (BASEL II) ले पूँजी सम्बन्धमा व्यवस्था गरेका ३ वटा Pillar हरुबारे चर्चा गर्नुहोस्।**

Basel - II अवधारणाले पुँजी सम्बन्धमा व्यवस्था गरेका ३ वटा Pillar हरुको संक्षेप विवरण देहाय बमोजिम रहको छ :

**Pillar - I : Minimum Capital Requirement**

- यस अवधारणा अन्तर्गत बैंक तथा वित्तीय संस्थाले बहन गर्ने जोखिमको आधारमा न्यूनतम पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।
- बढी जोखिम बहन गर्ने हो भने बढी पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।
- पुँजीको परिभाषा, पुँजीको वर्गीकरण, प्राथमिक र पुरक पुँजीका अवयवहरू, प्राथमिक र पुरक पुँजीबाट घटाउनुपर्ने शीर्षक, पुँजी गणना विधि, विभिन्न प्रकारका जोखिम तथा तिनका मापन विधि बारे व्यवस्था गरिएको छ ।
- अन्तराष्ट्रियस्तरमा विभिन्न व्यवस्थाहरू लागु भएता पनि नेपालको सन्दर्भमा नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनको इ.प्रा.निर्देशन नं.१/२०७५ मा बैंक तथा वित्तीय संस्थाको पूँजी सम्बन्धमा व्यवस्था गरेको छ ।
- नेपालमा नेपाल राष्ट्र बैंकले Basel - II लाई Capital adequacy framework को रुपमा आ.व. २०६३/६४ देखि वाणिज्य बैंकमा तथा आ.व. २०६७/६८ देखि राष्ट्रिय स्तरका विकास बैंकमा लागु गरेको थियो ।

**Pillar - II : Supervisory Review Process**

- यस अवधारणा अन्तरगत बैंक तथा वित्तीय संस्थाले कुल जोखिमको आधारमा पुँजीकोषको व्यवस्था गरेको छ वा छैन भन्ने कुराको यकिन गर्न र उपयुक्त पुँजीकोषको व्यवस्था नगरेको भएमा आवश्यक व्यवस्था गर्ने प्रक्रियाको बारेमा उल्लेख गरिएको छ ।
- बैंकले आफ्नो कारोवारबाट सृजना हुने विभिन्न जोखिमलाई उचित सम्बोधन गरी पुँजीकोष पर्याप्त छ भन्ने कुरा सुनिश्चित गर्न र जोखिम व्यवस्थापनको उपयुक्त विधिहरूको विकास गर्न यस अवधारणाले मद्दत गर्दछ ।
- Supervisory Review Process ले बैंकको आन्तरिक पुंजी मूल्याङ्कन एवम् मापन प्रक्रिया विकास गर्न, बैंकमा निहित जोखिम पहिचान, मापन, नियन्त्रण गर्न व्यवस्थापन पूर्ण रुपमा जिम्मेवार हुनुपर्ने व्यवस्था लागु गरेको छ ।
- यस कार्यका लागि यो सिद्धान्तलाई देहायका तिन भागमा विभाजन गरिएको छ :
  - ➡ **Internal Capital Adequacy Assessment Process (ICAAP)**
    - ICAAP यस प्रक्रिया हो जसमा निम्न विषयहरू समावेश हुन्छन् ।

- सञ्चालक तथा उच्च व्यवस्थापनको दृष्टि
- सशक्त पुंजी मूल्याङ्कन प्रक्रिया,
- जोखिमको बृहत मूल्याङ्कन,
- सुपरिवेक्षण तथा रिपोर्टिङ,
- आन्तरिक नियन्त्रण प्रणालीको पुनरावलोकन,
- Stress Testing आदि ।

➡ **Supervisory Review**
- यस प्रकृया अन्तरगत निम्न कुराहरू समावेश गरिन्छ ।
- जोखिम मूल्याङ्कन प्रक्रियाको सुपरिवेक्षकीय पुनरावलोकन,
- पुँजी पर्याप्तता गणना प्रक्रियाको सुपरिवेक्षकीय पुनरावलोकन,
- आन्तरिक नियन्त्रण प्रणालीको सुपरिवेक्षकीय पुनवरावलोकन,
- नियम तथा मापदण्ड पालनाको सुपरिवेक्षकीय पुनरावलोकन,
- बजार अनुशासनको सुपरिवेक्षकीय पुनरावलोकन,

➡ **Supervisory Response**
- यस प्रक्रियामा नियामक निकायले बैकहरूले न्यूनतम पुँजीकोष राखे नराखेको सम्बन्धमा उचित निरीक्षण पश्चात व्यवस्थापन अभ्यास र नियन्त्रण प्रति सन्तुष्ट नभएमा अतिरिक्त पुँजीकोष कायम गर्न निर्देशन दिनुका साथै अन्य निर्देशनको पालना नगरेको भएमा कानून अनुसार अन्य कारवाही समेत गर्न सक्दछ ।

**Pillar - III: Market Descipline**

- यस अवधारणा अन्तरगत बैक तथा वित्तीय संस्थाले लिएको जोखिमको मात्रा र सोको व्यवस्थापनका लागि अपनाइएको प्रकृया बारेमा सरोकारवाला पक्षहरूलाई निश्चित Disclosure Policy बनाई त्रैमासिक तथा वार्षिक रुपमा राष्ट्रिय स्तरका पत्रिकामा प्रकाशन गरी जानकारी गराउनु पर्दछ ।
- बैक तथा वित्तीय संस्थाका सरोकारवाला पक्षहरूलाई संस्थाको वास्तविक अवस्था तथा प्रमूख वित्तीय परिसूचकहरू अनिवार्य रुपमा जानकरी गराउनु पर्ने प्रावधान रहेको छ ।
- बैक तथा वित्तीय संस्थाले प्रकाशित गर्नुपर्ने वित्तीय विवरणहरू निम्नानुसार रहेका छन् :

**त्रैमासिक रुपमा प्रकाशित गर्नुपर्ने वित्तीय विवरणहरू**
- ➡ वासलात र नाफा नोक्सान विवरण
- ➡ पुँजीकोष अनुपात,
- ➡ कर्जा, बजार र सञ्चालन जोखिमका लागि कुल जोखिम भारतीत सम्पत्तिको मापन तालिका,
- ➡ निष्क्रिय सम्पत्ति (रकम र अनुपात)
- ➡ कर्जा निक्षेप अनुपात,
- ➡ कोषको लागत

**वार्षिक रुपमा प्रकाशित गर्नुपर्ने वित्तीय विवरण:**
- ➡ वार्षिक वित्तीय विवरण,
- ➡ पुँजी संरचना र पुँजीकोष अनुपात,
- ➡ जोखिम सम्बन्धी विवरण,
- ➡ जोखिम व्यवस्थापन सम्बन्धी कार्य ।

☑ **बसेल दोस्रो (BASEL II) का सीमाहरु (Limitations) उल्लेख गर्नुहोस्।**

Basel - II ले बैकिङ व्यवसायमा जोखिम व्यवस्थापनमा नयाँ आयाम प्रदान गरे तापनि समय क्रमको विकाससँगै बैकिङ व्यवसाय थप चुनौतीपूर्ण बन्दै गइरहेको समयमा Basel - II ले पनि सबै समस्याको समाधान गर्न सकेको देखिँदैन । जसको फलस्वरुप Basel - III को अवधारणाको विकास हुन पुगेको हो । Basel - II का प्रमूख सिमाहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

- बैकिङ क्षेत्रका जटिल विषयवस्तुलाई सापेक्ष ढंगले ग्रहण गर्न नसकेको,
- Basel - II ले पनि बैकहरूमा पुँजीको स्तर Basel - I कै स्तरमा कायम राखेको,
- आधुनिक वित्तीय बजारमा रहेका जटिल प्रकारका वित्तीय उपकरणहरूमा निहित जोखिमका अन्तरवस्तुहरूको सम्बन्धमा सम्बोधन गर्न नसकेको,
- समग्र अर्थतन्त्रमा आउन सकने प्रणालीगत जोखिमका सम्बन्धमा ख्याल नगरेको,
- पुँजी सम्बन्धी व्यवस्थाले अर्थतन्त्रमा आउने पुँजी सम्बन्धी चक्रको उतारचढावलाई थप बल पुऱ्याएको,

## ८. वाणिज्य बैंकको काम कारवाही सम्बन्धी (प्रशासन समूहको लागि मात्र)

☑ **वाणिज्य बैंकको काम, कर्तव्य र अधिकार बारे वर्णन गर्नुहोस् ।**

*(RBB, तह-५, बरिष्ठ सहायक (नगद), २०७४/१०/०९)*

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार वित्तीय कारोवार गर्न "क" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्थालाई वाणिज्य बैंक भनिन्छ । उक्त ऐनको दफा ४९(१) मा व्यवस्था गरिए बमोजिम वाणिज्य बैंकका काम, कर्तव्य तथा अधिकारहरु निम्नानुसार रहेका छन् :

- ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने वा विभिन्न वित्तीय उपकरण मार्फत निक्षेप परिचालन गर्ने र तिनको भुक्तानी दिने,
- विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप स्वीकार गर्ने, भुक्तानी दिने, लेनदेन गर्ने, मध्यस्थताको काम गर्ने र रकमान्तर गर्ने,
- हायर पर्चेज, लिजिङ्ग, हाउजिङ्ग, अधिविकर्ष लगायतका कर्जा दिने,
- परियोजना तथा हाइपोथिकेशन धितो राखी कर्जा दिने एवं सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारी पासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने दिलाउने व्यवस्था गर्ने,
- विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,
- आफू कहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम कर्जा दिने वा अन्य बैंक वा वित्तीय संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम कर्जा दिने,
- आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो बापत ग्राहकसँग आवश्यक शर्त गराउने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने र

www.questionbanknepal.com

धितोबन्धक, सुरक्षणमा लिएको सम्पत्ति प्राप्त गर्ने, धारण गर्ने तथा सो सम्बन्धी अन्य कारोबार गर्ने,

- आवश्यकता अनुसार राष्ट्र बैंकबाट पुनर्कर्जा लिने वा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने दिने,
- परियोजनाको प्रबर्द्धनको लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकाय मार्फत प्राप्त भएको रकमबाट कर्जा प्रवाह गर्ने वा कर्जा व्यवस्थापन गर्ने,
- प्रचलित कर्जा अपलेखन विनियमावलीको अधीनमा रही कर्जा अपलेखन गर्ने,
- पूँजीकोष पुरा गर्ने प्रयोजनका लागि शेयर, डिबेञ्चर, ऋणपत्र आदि जारी गर्ने,
- प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रु चेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण निष्काशन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद बिक्री गर्ने,
- विद्युतीय कारोबारका लागि डिजिटल वा कार्ड लगायतका वित्तीय उपकरण जारी गर्ने, स्वीकार गर्ने, व्यवस्थापन गर्ने र सो सम्बन्धी कार्य गर्न एजेण्ट नियुक्त गर्ने,
- प्रचलित कानूनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने,
- राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशन बमोजिम सरकारी कारोबार गर्ने,
- नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरिद–बिक्री गर्ने वा सकार गर्ने,
- नेपालभित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, विदेशबाट विप्रेषण प्राप्त गर्ने र सोको भुक्तानी गर्ने,
- ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेञ्चर वा सुरक्षणको जिम्मा लिने, खरिद–बिक्री गरिदिने, शेयरको लाभांश, डिबेञ्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सोको लाभांश, मुनाफा वा ब्याज नेपालभित्र वा विदेशमा पठाउने, ग्राहकको लागि सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,
- वासलात बाहिरको कारोबार गर्ने,
- विपन्न वर्ग, न्यून आय भएको परिवार, दैवी प्रकोप पीडित तथा मुलुकका कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामुहिक जमानीमा राष्ट्र बैंकले तोके बमोजिमको रकमसम्म कर्जा दिने,
- आफू तथा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी राष्ट्र बैंक, सम्बन्धित निकाय वा अन्य बैंक वा वित्तीय संस्थाबीच लिने दिने,
- सुन, चाँदी खरिद–बिक्री गर्ने,
- परियोजना स्थापना, सञ्चालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने,
- यस ऐन र प्रचलित कानून बमोजिम आफ्नो स्वामित्वमा आउने सबै प्रकारका जायजेथाको उचित व्यवस्थापन तथा बिक्री गर्ने,
- प्रचलित कानून बमोजिम दुई वा दुईभन्दा बढी व्यक्तिहरुबीच हुने कुनै कार्य बापत तिर्नु बुझाउनु वा लिनु पर्ने रकम उक्त काम भएपछि भुक्तानी लिने दिने व्यवस्था गर्न दुई पक्षको सहमतिमा जमानी बस्ने,
- राष्ट्र बैंकले तोकेको अन्य काम गर्ने ।

## ९. सुन चाँदी कर्जा (नगद समूहको लागि मात्र)

☑ **बैंकिङ कर्जा**

कर्जा प्रवाह बैंकको आम्दानीको प्रमुख स्रोतको रुपमा रहेको छ । ब्याज आम्दानीको लागि कर्जा प्रवाह र यसको गुणस्तरको भूमिका उल्लेख्य रहेको देखिन्छ । बैंकहरुले जुनसुकै कर्जा प्रवाह गर्दा निश्चित नियम तथा मापदण्डको पूर्ण पालना हुनु आवश्यक देखिन्छ । यदि कर्जाहरु गुणस्तरीय रुपमा लगानी गरिएको छ भने कर्जा लगानी गर्दाका बखत गरिएका सम्झौतामा निर्धारण गरिए बमोजिमको समय तालिका अनुसार साँवा, ब्याज तथा अन्य दस्तुर समेत असुल हुने सम्भावना देखिन्छ । यस कारण कर्जा लगानीका बखत नै प्राप्त मात्रामा ध्यान दिई सही ग्राहक तथा परियोजना छनौट गरी नीति नियमको पूर्ण पालना गर्नु पर्ने हुन्छ । बैंकहरुलाई यस सम्बन्धमा नेपाल राष्ट्र बैंकले समय–समयमा निर्देशन पनि दिने गरेको छ । कर्जा कार्यक्रम कार्यान्वयनमा सहजता ल्याउन नीति अनुरुप रणनीति तथा कार्यक्रम तय गरी तिनलाई मासिक/त्रैमासिक रुपमा विभक्त गरी समयावद्ध कार्ययोजनाको व्यवस्था गर्नुपर्ने हुन्छ ।

☑ **बैंकिङ कर्जालाई प्रभावकारी बनाउन चाल्नुपर्ने कदमहरु**

- बैंकका सबै फिल्ड कार्यालयहरुलाई कर्जा बृद्धि लक्ष्यहरु फरक–फरक निर्धारण गर्ने,
- गुणस्तरीय कर्जा लगानी, गैह्रकोषमा आधारित व्यवसाय विस्तार, निष्कृय कर्जा व्यवस्थापन पक्षलाई प्रभावकारी बनाउन विशेष कार्यक्रमहरु सञ्चालन गर्ने,
- कर्जा सुरक्षण सम्बन्धमा विशेष कार्यक्रमहरु सञ्चालन गर्ने,
- सम्पूर्ण कार्यालयहरुले कर्जा सूचनाबाट प्राप्त विवरण एवं जानकारीहरु अद्यावधिक गरी राख्ने,
- नेपाल सरकारको वार्षिक बजेट तथा अन्य कार्यक्रमहरुसँग समन्वय गरी कर्जा प्रवाह गर्ने,
- कर्जाका सम्बन्धमा तय गरिएका नीति, कार्यविधि, निर्देशिकाहरुलाई समयसापेक्ष परिमार्जन गर्ने,
- ठूला खालका कर्जा प्रवाह गर्दा उत्कृष्ट तथा सफल परियोजनाहरुको अनुशरण गर्ने,
- कर्जा प्रवाहसँग सम्बन्धित विभाग, शाखा, प्रशाखाहरुलाई चुस्त राख्ने,
- केन्द्रिय रुपमा मात्र नभई शाखा कार्यालयमा समेत कर्जा जोखिम विश्लेषण ढाँचा तय गरी कार्यान्वयन गर्ने,
- नेपाल राष्ट्र बैंकबाट जारी भएको Risk Management Guidelines को मर्म अनुसार समग्र कर्जा जोखिम व्यवस्थापन गर्ने,
- कर्जाको गुणस्तर अनुगमन तथा मूल्याङ्कन हुँदै समिति खडा गर्ने आदि ।

☑ **सुन चाँदी कर्जा**

सुन चाँदीलाई धितो राखी कर्जा लिने प्रचलन पुरानो नै हो । पहिले–पहिले परम्परागत रुपमा साहु महाजनकोबाट सुन चाँदी धितो राखेर पैसा लिएर आफ्नो आवश्यकता पूरा गर्दथे । समयको परिवर्तनसँगै यस क्षेत्रमा सुधार आएको पाइन्छ । खास गरी बैंकिङ क्षेत्रको विकाससँगै सुन चाँदी कर्जाले पनि व्यापकता लिएको पाइन्छ । वर्तमानमा आईपुग्दा बैंकहरुले

www.questionbanknepal.com

कमाउने नाफाको धेरै प्रतिशत कर्जाबाट प्राप्त गरेको पाइन्छ । यसमा सुन चाँदी कर्जाको समेत योगदान रहेको छ । सुन चाँदी कर्जाको लागि प्राय जसो बैंकहरुले छुट्टै फाँटको व्यवस्था गरेका हुन्छन् भने कतै क्यासियरको निर्णय नै अन्तिम हुने गरेको पाइन्छ ।

☑ **राष्ट्रिय वाणिज्य बैंकमा सुन चाँदी कर्जा सम्बन्धी व्यवस्था**

राष्ट्रिय वाणिज्य बैंकले पनि सुन चाँदी कर्जाको व्यवस्था गरेको छ । यसको लागि केन्द्रिय स्तरमा भन्दा सम्बन्धित शाखा (Branch)लाई अधिकार दिएको छ । राष्ट्रिय वाणिज्य बैंकमा सुन चाँदी कर्जा सम्बन्धी काम गर्न कतिपय शाखा (Branch) मा छुट्टै फाँटको व्यवस्था गरेको छ भने कुनै शाखामा क्यासियरको निर्णय नै अन्तिम हुने व्यवस्था छ । सर्वप्रथम ग्राहकले ल्याएको सुन चाँदी हेरिन्छ । त्यसलाई राम्रोसँग तौल गरी अध्ययन गरी राख्न मिल्ने नमिल्ने सम्बन्धमा फाँट प्रमुख वा क्यासियरले आवश्यक निर्णय गर्दछ । राख्न मिल्ने सुन चाँदी रहेछ भने तीस (३०) प्रतिशत मार्जिन कटाएर कर्जा दिने व्यवस्था छ । राष्ट्रिय वाणिज्य बैंकमा सुन चाँदी कर्जाको बाह्र (१२) प्रतिशत ब्याज र एक (१) प्रतिशत बीमाको व्यवस्था छ । यस्तो कर्जाको त्रैमासिक ब्याज तथा किस्ता बुझाउनु पर्ने व्यवस्था छ । यस्तो कर्जा लिएको एकवर्ष पुगेपछि अनिवार्य रुपमा नवीकरण गर्नुपर्ने बाध्यकारी व्यवस्था छ ।

☑ **एकिकृत निर्देशन, २०७५ मा सुनचाँदी कर्जा सम्बन्धमा गरिएको व्यवस्थाबारे चर्चा गर्नुहोस् ।**

एकिकृत निर्देशन, २०७५ को इ.प्रा.निर्देशन नं.२/०७५ मा सुनचाँदी कर्जा सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको छ :

**सुनचाँदी कर्जा सम्बन्धी थप व्यवस्था :**

देहायका व्यवस्था तथा शर्तहरु पुरा गरी सुनचाँदी धितो राखी कर्जा प्रदान गर्न सकिने छ :-

- संस्थाको कर्जा नीति/विनियमावलीमा सुनचाँदी धितो लिई कर्जा प्रदान गर्ने व्यवस्था उल्लेख भएको हुनु पर्ने,
- संस्थाले सुनचाँदीको कर्जा कारोबार गर्नु अगावै आवश्यक सुरक्षा व्यवस्था, सुरक्षणको मूल्याङ्कन व्यवस्था, ढुकुटी बीमा तथा जाँचकी सम्बन्धी व्यवस्था गरेको हुनु पर्ने,
- बैंक तथा वित्तीय संस्थाहरुले कुनै व्यक्तिलाई सुनचाँदी कर्जा प्रवाह गर्दा त्यस्तो ऋणीले धितोस्वरुप दिएको सुन वा चाँदी जाँच गरी कर्जा सुरक्षित रहेको यकिन गरेर मात्र कर्जा प्रवाह गर्नु पर्नेछ । यसरी कर्जा प्रवाह गर्दा ऋणीले धितो स्वरुप दिएको सुन वा चाँदी एउटै थैलीमा राखिएको हुनुपर्नेछ । कथंकदाचित् कुनै ऋणीले दिएको एकभन्दा बढी थैलीहरु वा एकभन्दा बढी थैलीहरु राखिएको एउटा थैली मात्र धितो राखी वा सुनचाँदीको परीक्षण जाँच नगरी सुनचाँदी कर्जा प्रवाह भएमा त्यस्तो कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।

★★★

www.questionbanknepal.com

# पुराना प्रश्नहरु

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड प्रशासन, चौथो, सहायक पदको प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७४/११/०४**

पत्र : प्रथम | पूर्णाङ्क : १००
समय : ३ घण्टा

**विषय : बैंकिङ्ग, लेखा तथा सूचना प्रविधि**

प्रत्येक खण्डको छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड : क** — ४० अङ्क

१. नेपालको आर्थिक विकासमा राष्ट्रिय वाणिज्य बैंकले खेलेको भूमिकाको व्याख्या गर्नुहोस् । आगामी दिनमा यस बैंकले सुधारका के-कस्तो कदमहरु अवलम्बन गर्नुपर्दछ ? वर्णन गर्नुहोस् । ५+५=१०

Describe the role played by Rastriya Banija Bank on the economic development of Nepal. What steps of reform should be adopted by this bank in the coming days ? Explain.

२. बैंक भन्नाले के बुभिन्छ ? ड्राफ्टभन्दा चेक किन फरक छ ? आधुनिक उच्च प्रविधियुक्त भुक्तानीका साधनहरुको फाइदा तथा बेफाइदाहरु उल्लेख गर्नुहोस् । २+३+५=१०

What is meant by cheque ? Why does cheque differ from draft ? Elaborate the pros and cons of modern hi-tech means of payment.

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार बैंक तथा वित्तीय संस्थाहरु कति प्रकारका छन् ? वर्गीकरणका आधारहरु व्याख्या गर्नुहोस् । १०

What are the different categories of bank and financial institutions as per the Bank and Financial Institution Act, 2073 ? Describe the basis of the classification.

४. बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ अनुसार बैकिङ्ग कसुर भनी परिभाषित गरिएका कसुरहरु उल्लेख गर्नुहोस् । १०

According to the Banking Offence and Punishment Act, 2064, state the offences which are defined as 'Banking Offences'.

**खण्ड : ख** — ४० अङ्क

५. लेखा प्रणालीका सिद्धान्तहरुबारे प्रकाश पार्नुहोस् । दोहोरो लेखा प्रणालीद्वारा एकोहोरो लेखा प्रणाली किन प्रतिस्थापन गरिएको हो ? कारणहरु उल्लेख गर्नुहोस् । ६+४=१०

Highlight about the principles of accounting. Why 'Single Entry Book Keeping System' has been replaced by 'Double Entry Book Keeping System ? Give reasons.

६. वाणिज्य बैंकहरुले तयार पार्ने वित्तीय विवरणहरुको प्रमुख शीर्षकहरु उदाहरणसहित व्याख्या गर्नुहोस् । १०

Explain with examples the major headings of financial statements prepared by commerical banks.

७. बैंकिङ्ग व्यवसायमा "संचालनगत जोखिम" भन्नाले के बुभिन्छ ? कुनै ऋणीको कर्जा प्रस्ताव सिफारिश गर्दा कुन कुन जोखिमहरु विश्लेषण गरिन्छ ? उल्लेख गर्नुहोस् । ३+७=१०

www.questionbankmodel.com

What is meant by 'Operational Risk' in banking business ? What major risks are analyzed while recommending a load proposal of a borower ? State.

८. जिन्सी व्यवस्थापन भनेको के हो ? जिन्सी व्यवस्थापनका विधिहरुसहित यसको महत्व उल्लेख गर्नुहोस् । ४+६=१०

What is Inventory Management ? Explain the importance of Inventory Management with its techniques.

**खण्ड : ग** २० अङ्क

९. डाटावेशका प्रकारहरु उल्लेख गर्नुहोस् । डाटाको सुरक्षा कसरी गर्न सकिन्छ ? प्रष्ट पार्नुहोस् । ५+५=१०

State about the types of database. How the security of data can be maintained ? Clarify.

१०. Internet, Intranet र Extranet बीच के फरक छ ? Banking System मा Internet, Intranet र Extranet किन आवश्यकता छ ? वर्णन गर्नुहोस् । ५+५=१०

What are the differences among Internet, Intranet and Extranet ? Why Internet, Intranet and Extranet are necessary in Banking System ? Describe.

**लोक सेवा आयोग**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड प्रशासन, चौथो सहायक पदको प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७४/११/५**

**पत्र : द्वितीय** **पूर्णाङ्क : १००**
**समय : ३ घण्टा**

**विषय : व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी**

प्रत्येक खण्डको छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड : क** ४० अङ्क

१. व्यवस्थापन भन्नाले के बुझिन्छ ? यसका प्रमुख कार्यहरु वर्णन गर्नुहोस् । ४+६=१०

What is meant by management ? Explain its major functions.

२. द्वन्द्व भनेको के हो ? संगठनको तहमा द्वन्द्व व्यवस्थापन कसरी गर्न सकिन्छ ? प्रष्ट पार्नुहोस् । १०

What is conflict ? How can conflict be managed in an organization level ? Clarify.

३. कार्यालय सम्बन्धी चिठीपत्र लेख्दा कुन कुन कुरालाई ध्यान दिनुपर्दछ ? राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालय सुपरीवेक्षणको लागि नेपाल राष्ट्र बैंकलाई लेखिने पत्रको नमूना तयार गर्नुहोस् । ४+६=१०

What are the matter to be considred while writing a official letter ? Prepare a sample of a letter that is written to Nepal Rastra Bank for the supervision of branch office of Rastriya Banijya Bank.

४. फाईलिङ्ग भनेको के हो ? फाईलिङ्ग र अनुक्रमणिकाबीचको सम्बन्ध प्रष्ट पार्नुहोस् । ३+७=१०

What is filling ? Clarify the relationship between filing and indexing.

**खण्ड : ख** ४० अङ्क

५. मानव संसाधन व्यवस्थापन भन्नाले के बुझिन्छ ? यसका उद्देश्यहरुबारे वर्णन गर्नुहोस् । ३+७=१०

What is meant by Human Resource Management ? Explain about its objectives.

६. कार्य विश्लेषण भनेको के हो ? कार्यालयमा यसको महत्वबारे प्रष्ट पार्नुहोस् । ४+६=१०

What is job Analysis ? Clarify about its importance in an office.

७.

क) एउटा झोलामा रहेको जम्मा रु ५१० रुपैयाँको रु ५०, रु २५ र रु २० का नोटहरु २:३:४ अनुपातमा छन् भने हरेक खाले नोट कति कति वटा होलान् ? पत्ता लगाउनुहोस् । १०

If a bag contains Rs. 510 in the form of Rs. 50, Rs. 25 and Rs. 20 notes in the rate 2:3:4, what is the number of notes of each types ? Find out.

ख) रामले एउटा मोटरसाइकल रु ९०,००० मा खरिद गरी रु. २५,५५० यसको मर्मत खर्च गऱ्यो । यदि उसले त्यो मोटरसाइकल रु १,४०,००० मा पठ्यो भने उसले कति प्रतिशत नाफा गऱ्यो ?

Ram purchased in motorcycle of Rs. 90,000 and spent Rs. 25,550 on its repairs. If he sold the motorcycle for Rs. 1,40,000. What percentage of profit he made ?

८. A, B र C ले कुनै काम क्रमशः १५, २० र ३० दिनमा पूरा गर्न सक्छन् । २ दिनमा सबै मिलेर काम गरेपछि A ले काम छोड्छ, B र C ले केही दिन सँगै काम गर्छन् र उक्त काम सकिनुभन्दा दुई दिन अगाडि काम छोड्छ । उक्त पुरै काम पूरा गर्न कति दिन लाग्छ पत्ता लगाउनुहोस् । १०

A, B and C can complete a work in 15, 20 and 30 days respectively. They can work together for 2 days then A leaves the work, B and C work together for somedays and B leaves 2 days before completion of that work. How many days are required to complete the whole work ? Find out.

**खण्ड : ग** २० अङ्क

९. BASEL II को परिचय दिनुहोस् । राष्ट्रिय वाणिज्य बैंकले जोखिम व्यवस्थापन गर्ने के–कस्ता प्रयासहरु गरेको छ ? वर्णन गर्नुहोस् । ४+६=१०

Introduce BASEL II. What intiatives have been taken by the Rastriya Banijay Bank for risk management ? Explain.

१०. वाणिज्य बैंकको परिचय दिनुहोस् । वाणिज्य बैंकका कार्यहरु लेख्नुहोस् । ३+७=१०

Give an introduction of Commercial Bank. Write the functions of Commercial Bank.

www.questionbanknepal.com

**लोक सेवा आयोग**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड प्रशासन, नगद, चौथो सहायक (नगद) पदको**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७४/१२/१६**

**पत्र : प्रथम** **पूर्णाङ्क : १००**
**समय : ३ घण्टा**

**विषय : बैंकिङ्ग, लेखा तथा सूचना प्रविधि**

प्रत्येक खण्डको छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड : क** **४० अङ्क**

१. कर्जा वर्गीकरण भन्नाले के बुझिन्छ ? नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कसरी कर्जा वर्गीकरण गरिन्छ ? व्याख्या गर्नुहोस् । ४०+६=१०
What is meant by loan classification ? How is loan classified according to the directive of Nepal Rastra Bank ? Explain.

२. बैंकको ग्राहक सिद्धान्तहरुबारे विस्तृतमा प्रकाश पार्नुहोस् । १०
Highlight in detail about the client protection principles of banks.

३. नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार नेपाल राष्ट्र बैंकको गभर्नरको काम, कर्तव्य र अधिकारहरु के के हुन् ? वर्णन गर्नुहोस् । १०
What are the functions, duties and powers of Governor of Nepal Rastra Bank according to Nepal Rastra Bank Act, 2058 ? Describe.

४. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लागू भएपछि नेपालले उक्त ऐनको कार्यान्वयनबाट हासिल गरेका मुख्य उपलब्धिहरु के के छन् ? लेख्नुहोस् । १०
What major achievements has Nepal obtained after the implementation of Anti Money Laundering Act 2064 ? Write down.

**खण्ड : ख** **४० अङ्क**

५. दोहोरों लेखाप्रणालीको ऐतिहासिक विकासक्रम सहित यसको परिभाषा लेख्नुहोस् । यसका विशेषताहरु पनि उल्लेख गर्नुहोस् । ५+५=१०
Write down the historical development of Double Entry Book Keeping System with its definitions. Aslo, explain its features.

६. सन्तुलन परीक्षण भनेको के हो ? यो किन र कसरी तयार पारिन्छ ? नमुनासहित बताउनुहोस् । ३+७=१०
What is Trial Balance ? Why and how is it prepared ? Explain with specimen.

७. बैंकिङ्ग प्रणालीमा आन्तरिक नियन्त्रण प्रणालीको महत्वमाथि प्रकाश पार्दै राष्ट्रिय वाणिज्य बैंकले अवलम्बन गरेको विद्यमान् आन्तरिक नियन्त्रण प्रणालीका बारेमा उल्लेख गर्नुहोस् ।५+५=१०
Highlighting the importance of internal control system in the banking system, elaborate about the existing internal control system adopted by Rastriya Banijya Bank.

८. नेपाल राष्ट्र बैंकको निर्देशिकाको आधारमा प्राथमिक पूँजी र पूरक पूँजीलाई परिभाषित गर्नुहोस् । क, ख, ग र घ वर्गीकृत बैंक तथा वित्तीय संस्थाहरुले व्यवस्था गर्नुपर्ने न्यूनतम चुक्ता पूँजी र पूँजी कोषबारे वर्णन गर्नुहोस् । ४+६=१०
Define capital and supplementary capital on the basis of the NRB Directives. Describe the minimum level of paid up capital fund to be maintained by A, B, C and D categorised bank and financial institutions.

**खण्ड : ग** **२० अङ्क**

९. Operating System भन्नाले के बुझिन्छ ? Operating System र Application Software बीचका भिन्नताहरु बयान गर्नुहोस् । ४+६=१०
What is an Operating System ? Explain the differences between Operating System and Application Software.

१०. नेपाल राष्ट्र बैंकको सूचना प्रविधि नीतिको प्रमुख विशेषताहरुबारे प्रष्ट पार्नुहोस् । १०
Clarify about the main features of it policy of Nepal Rastra Bank.

**लोक सेवा आयोग**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड प्रशासन, नगद, चौथो सहायक (नगद) पदको**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७४/१२/१७**

**पत्र : द्वितीय** **पूर्णाङ्क : १००**
**समय : ३ घण्टा**

**विषय : व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी**

प्रत्येक खण्डको छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड : क** **४० अङ्क**

१. नेतृत्व भनेको के हो ? नेपालको सन्दर्भमा नेतृत्वका सबल र दुर्बल पक्षहरुको व्याख्या गर्नुहोस् । १०
What is leadership ? Explain strengths and weaknesses of leadership in the context of Nepal.

२. संस्थागत सुशासनको परिचय दिनुहोस् । संस्थागत सुशासनका आधारभूत सिद्धान्तहरु उल्लेख गर्नुहोस् । ३+७=१०
Give an introduction of Corporate Governance. State the fundamental principles of Corporte Governance.

३. छोटकरीमा लेख्नुहोस् । ५+५=१०
क) टिप्पणी (Tippani)
ख) अभिलेख व्यवस्थापनको आवश्यकता (Necessity of record management)

४. कार्यालय व्यवस्थापन भनेको के हो ? कार्यालयको व्यवस्थापनमा कसरी फाईलिङ्गको महत्वपूर्ण भूमिका हुन्छ ? व्याख्या गर्नुहोस् । १०
What is office management ? How the role of filing is important in office management ? Describe.

www.questionbanknepal.com

**खण्ड : ख** **४० अङ्क**

५. कर्मचारीको कार्यसम्पादनमा तालिमको के–कस्तो प्रभाव देख्न सकिन्छ ? कर्मचारीको कार्यसम्पादन अभिवृद्धि गर्न के कस्तो तालिमको आवश्यकता हुन्छ ? लेख्नुहोस् । १०

What impacts of training can be seen on employee's performance ? What type of traninings are necessary to increases employee's performance ? Write down.

६. कर्मचारीको कार्य विवरण कसरी तयार पारिन्छ ? प्रष्ट पार्नुहोस् । १०

How is job description of an employee prepared ? Clarify.

७. कोष भन्नाले के बुझिन्छ ? बैंकहरुले कोष व्यवस्थापन किन गर्नुपर्दछ ? वाणिज्य बैंकहरुका कोषका मुख्य स्रोतहरुको बारेमा लेख्नुहोस् । १०

What is meant by fund ? Why should the banks manage the fund ? State the main sources of fund of commercial banks.

८. विप्रेषण भनेको के हो ? विप्रेषणलाई बैकिङ्ग भित्र्याउनका लागि के–कस्तो उपायहरु अपनाउनुपर्ला ? बताउनुहोस् । १०

What is remittance ? What measures should be adopted for inward flow of remittances through banking channel ? State.

**खण्ड : ग** **२० अङ्क**

९. प्रति के.जी. रु ४० र रु. ३० पर्ने दुई प्रकारका चामललाई ३.४ को अनुपातमा मिसाइएको छ । मिसाइएको चामलको प्रति के.जी. मूल्य कति होला ? पत्ता लगाउनुहोस् । १०

Two types of rice costing Rs. 40 and Rs. 30 per kg has been mixed in a ratio 3:4. Find the cost of per kg. mixture of rice.

१०. रामले दुईवटा साईकल प्रत्येकको रु. १७५० का दरले खरिद गरी एउटा साईकल १३ प्रतिशत नाफामा बिक्री गर्‍यो । अन्तिममा उसले ४ प्रतिशत नोक्सान सहनुपर्‍यो । दोश्रो साईकलको बिक्री मूल्य पत्ता लगाउनुहोस् । १०

Ram purchased two cycles in Rs. 1,750 each and sold a cycle at the profit of 13%. Finally, he had to bear 4% loss. Find out the selling price of second cycle.

**लोक सेवा आयोग**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड प्रशासन, नगद, चौथो**
**सहायक (नगद) पदको**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७४/३/१८**

**पत्र : प्रथम** **पूर्णाङ्क : १००**
**समय : ३ घण्टा**

**विषय : बैकिङ्ग, लेखा तथा सूचना प्रविधि**

प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी हुनेछ ।

१. नेपालको आर्थिक विकासमा राष्ट्रिय वाणिज्य बैंकले खेलेको भूमिकाको बारेमा सविस्तार वर्णन गर्नुहोस् । २०

Describe in detail about the role played by Rastriya Banijya Bank in economic development of Nepal.

२. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन अनुसार नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त 'क' वर्गका बैंक तथा वित्तीय संस्थाहरुले गर्न पाउने वित्तीय कारोवारहरु के के हुन् ? उल्लेख गर्नुहोस् । २०

According to Bank and Financial Institutions Act, what financial transactions are allowed to perform to the 'A' class bank and financial institutions licensed by Nepal Rastra Bank ? Explain.

३. लेखापरीक्षण भनेको के हो ? लेखापरीक्षणको प्रकार उल्लेख गर्दै आन्तरिक लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने विषयहरुको वर्णन चर्चा गर्नुहोस् । ३+५+१२=२०

What is auditing ? Elaborating the types of auditing, discuss about the matters to be considered in internal auditing.

४. वित्तीय विवरणको परिभाषा दिनुहोस् । वित्तीय विवरण तयार गर्नुका उद्देश्यहरु के के हुन् ? सबिस्तार वर्णन गर्नुहोस् । ८+१२=२०

What is meant by financial statement ? What are the objectives of preparing financial statement ? Explain in detial.

५.

क) सूचना प्रविधि सुरक्षा भनेको के हो ? ५

What is IT Security ?

ख) तल दिइएका शब्दावलीको संक्षिप्त वर्णन गर्नुहोस् । ३+५=१५

Briefly explain the following terminologies.

१) विण्डोज वर्ड (Windows Word)
२) एक्सेल सिट्स् (Excel Sheets)
३) पावर प्वाईण्ट (Power Point)

**लोक सेवा आयोग**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड प्रशासन, नगद, चौथो**
**सहायक (नगद) पदको**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७४/३/१९**

**पत्र : प्रथम** **पूर्णाङ्क : १००**
**समय : ३ घण्टा**

**विषय : व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी**

प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी हुनेछ ।

१. निर्णय निर्माण प्रक्रिया भनेको के हो ? निर्णय क्षमतालाई प्रभाव पार्ने तत्वहरु के के हुन् ? प्रभावकारी निर्णय गर्न नेतृत्वमा हुनुपर्ने गुणहरु लेख्नुहोस् । ५+८+७=२०

What is decision making process ? What are the affecting factors to decisive capability ? Write

www.questionbanknepal.com

don the qualities in leadership to make effective decisions.

२. पत्र लेखनमा ध्यान दिनुपर्ने प्रमुख बुँदाहरु उल्लेख गर्नुहोस् । मासिक प्रगति प्रतिवेदन तोकिएको समयमा नियमित रुपमा राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयमा पेश गर्न सबै शाखा कार्यालयहरुलाई पठाउने परिपत्रको नमूना प्रस्तुत गर्नुहोस् । ८+१२=२०

Elucidate the main points to be considered in letter writing. Present a sample circular letter to send all the branches, stating to submit monthly progress report regularly to the head office of Rastriya Banijya Bank at the specified time.

३. तालिमको परिभाषा दिनुहोस् । यसको प्रकारबारे उल्लेख गर्नुहोस् । राष्ट्रिय वाणिज्य वैंकका जुनियर वा सहायकस्तरका कर्मचारीका लागि कुन तालिम विधि उपयुक्त हुन्छ ? उल्लेख गर्नुहोस् । ३+६+११=२०

Define training. Describe about its types. Which training method is appropriate for junior or assistant levels staffs of Rastriya Banijya Bank ? Explain.

४.

क) ६० जना विद्यार्थीमध्ये ४५ जनाले ७० अंकभन्दा बढी पाए भने कति प्रतिशत विद्यार्थीले ७० अंकभन्दा कम अंक पाए ? ५

If 45 students obtained more than 70 marks among 60 students, how much percentage of students got lower than 70 marks ?

ख) यदि एउटा मोबाईल सेट रु. ६,००० मा किनेर २० प्रतिशत नाफामा बिक्री गरियो भने बिक्री मूल्य कति होला ? ५

If a mobile set was sold at 20% profit after purchasing it at Rs. 6,000. What was it's selling price ?

ग) रु. १,२०० साँवाको १५ प्रतिशत व्याज दरले कति वर्षमा रु. ७२० साधारण व्याज पाइन्छ ? ५

How much years need to gain Rs. 720 simple interest of Rs. 1200 at the rate of 15% per annum ?

घ) 15, a, 5, 12, 10 को मध्यक ($\overline{X}$) 15.4 छ भने a को मान पत्ता लगाउनुहोस् । ५

If the mean value ($\overline{X}$) 15, a, 5, 12, 10 is 15.4, find the value of a.

५. विप्रेषण आय भनेको के हो ? राष्ट्रिय वाणिज्य बैंकद्वारा आफ्ना ग्राहकहरुलाई के कस्तो विप्रेषण सेवा सुविधाहरु उपलब्ध गराइएको छ ? प्रभावकारी विप्रेषण सेवाका लागि के के गर्नुपर्छ ? लेख्नुहोस् । ३+७+१० = २०

What is remittance income ? What sorts of remittance facilities have been provided by RBB to it's customer ? What should be done for efective remittance facilities ? Write down.

**लोक सेवा आयोग**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, चौथो सहायक पदको**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**मितिः–२०७४/०३/२३**

**पत्रः प्रथम** **पूर्णाङ्क : १००**

**समय : ३ घण्टा**

**विषय : बैंकिङ्ग, लेखा तथा सूचना प्रविधि**

**प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिकामा रद्द हुनेछ । परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी हुनेछ ।**

**खण्ड 'क'**

१. केन्द्रीय बैंकको परिभाषा दिनुहोस् । यसका प्रमुख कार्यहरु के के हुन् ? नेपाल राष्ट्र बैंकका उद्देश्यहरु लेख्नुहोस् । ७.५+७.५+५=२०

Define Central Bank ? Write down the major functions of Central Banks ? Write down the objectives of Nepal Rastra Bank. 7.5+7.5 +5 =20

२. नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार सञ्चालक समितिको गठन र यसको काम, कर्तव्य र अधिकार बारे उल्लेख गर्नुहोस् । ५+१५=२०

According to Nepal Rastra Bank Act, 2059, write about the formationDirectors and its functions, duties and powers. 5 + 15 = 20

**खण्ड 'ख'**

३. दोहोरो लेखा प्रणालीको बारेमा परिचय दिई सन्तुलन परीक्षण तयार गर्ने विधिबारे उदाहरणसहित स्पष्ट पार्नुहोस् । ८+१२=२०

Introducing about the double entry book keeping system, clarify thepreparing Trial Balance with examples. 8+12= 20

४. बैंक पूँजी भन्नाले के बुझिन्छ ? बैंकको वासलातमा प्रविष्ट हुने कुराहरुबारे उल्लेख गर्नुहोस् र कुनै बैंकको नमूना वासलात तयार गर्नुहोस् । ६+८+६=२०

What is meant by Bank's Capital ? Explain the terms incorporated in the bank's balance sheet and prepare a sample balance sheet for any bank. 6+8+6=20

**खण्ड 'ग'**

५.

(क) कम्प्यूटर अपरेटिङ्ग प्रणालीलाई परिभाषित र अपरेटिङ्ग प्रणालीका कार्यहरु उल्लेख गर्नुहोस् । १०

Define computer operating system and mention the functions of operating system. 10

(ख) माइक्रोसप्ट एक्सेल भनेको के हो ? कार्यालयको कार्य गर्न यसले कसरी सहयोग पुऱ्याउँदछ ? व्याख्या गर्नुहोस् । १०

What is Microsoft Excel ? How does it support the functioning of an office ? Explain. 10

www.questionbanknepal.com

**लोक सेवा आयोग**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, चौथो सहायक पदको**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**मितिः-२०७४/०३/२४**

**पत्रः द्वितीय** **पूर्णाङ्क : १००**

**समय : ३ घण्टा**

**विषय : व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी**

**प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिकामा रद्द हुनेछ । परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी हुनेछ ।**

**खण्ड 'क'**

१. व्यवस्थापन भनेको के हो ? वैज्ञानिक व्यवस्थापनको सिद्धान्त स्पष्ट पार्दै व्यवस्थापनको कार्यहरु लेख्नुहोस् । ५+८+७=२०
What is management ? Clarifying the scientific theory of management, write down thefunctions of management. 5+8+7=20

२. अनुक्रमणिका भन्नाले के बुझिन्छ ? अनुक्रमणिकाको उद्देश्य तथा असल अनुक्रमणिकामा हुनुपर्ने आवश्यक गुणहरुबारे वर्णन गर्नुहोस् । ५+७+८=२०
What is meant by indexing? Describe the objectives and qualities to be considered of agood indexing. 5+7+8=20

३. कार्यसम्पदा मूल्याङ्कन भनेको के हो ? असल कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा हुनुपर्ने गुणहरु के के हुन् ? यसको उपयोगिताहरु लेख्नुहोस् । ५+७+८=२०
What is performance appraisal ? What are qualities in a good performance appraisat ?Elucidate its uses. 5+7+8=20

**खण्ड 'ख'**

४.

(क) निरज र निश्चलले कुनै काम क्रमशः १८ र २४ दिनमा गर्न सक्दछन् । तिनीहरु दुबै मिलेर काम शु रु गरे । ६ दिनपछि निरजले काम छोड्यो । त्यसपछि निश्चलले बाँकि काम सिध्याए । कति दिनमा निश्चलले बाँकी काम सिध्याए ? पत्ता लगाउनुहोस् । ७.५
Nirav and Nischal can do a work in 18 and 24 days respectively. They both togetherstarted the work. After 6 days, Nirav left the work. Then Nischal finished theremaining work. In how many days Nischal finished the remaining work ? Find. 7.5

(ख) अर्जुनले दुईवटा मोबाइल सेटहरु रु ४,००० मा किन्यो । दुबै मोवाईल सेटहरु उही बिक्री मूल्यमा बेच्दा एउटा सेटमा ५ प्रतिशत नाफा र अर्को सेटमा ५ प्रतिशत नोक्सान बेहोर्नुपर्‍यो भने उसलाई नाफा वा नोक्सान कति प्रतिशत भयो ? निकाल्नुहोस् । ७.५
Arjun bought two mobile sets at Rs. 4,000. While the two mobile sets were sold atthe same selling price, he had to bear 5% profit on one set and 5% loss on anotherset. What is his loss or profit percentage ? Find out. 7.5

(ग) ५६ किलोग्राम चियाको घुलोको मिश्रणमा A ग्रेडको चिया र Bग्रेडको चियाको अनुपात ४:३ छ भने मिश्रणमा Aग्रेड र Bग्रेडको चियाको घुलोको मात्रा पत्ता लगाउनुहोस् । ५
The ratio of A grade tea powder and B grade tea powder in the mixture of 56 kg tea powder is 4 : 3. Find out the quantity of A grade and B grade tea powder in the mixture. 5

**खण्ड 'ग'**

५.

(क) कोष व्यवस्थापन भनेको के हो ? नोट कोषमा देखिएका मूलभूत समस्याहरु उल्लेख गर्नुहोस् । १०
What is treasury/funds management ? Elucidate the major problems felt in cash fund.

(ख) वाणिज्य बैंकले निक्षेप संकलन र कर्जा असुलीका सन्दर्भमा भोग्नु परेका समस्याहरु बुँदागत रुपमा प्रस्तुत गर्नुहोस् । १०
Presentthe pointwise problems facing by commercial banks relating to collection ofdeposit and loan. 10

**लोक सेवा आयोग**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, पाँचौ, वरिष्ठ सहायक (नगद) पदको**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७४/१०/९**

**पत्र : प्रथम** **पूर्णाङ्क : १००**

**समय : ३ घण्टा**

**विषय : बैकिङ्ग लेखा तथा सूचना प्रविधि**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तर पुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड 'क'** **४० अंक**

१. बाणिज्य बैंकको काम, कर्तव्य र अधिकारबारे वर्णन गर्नूहोस् । १०
Explain about the functions, responsibilities and authority of commercial bank. 10

२. ग्राहक पहिचान भन्नाले के बुझिन्छ ? बैंकिङ्ग कारोबारमा ग्राहक पहिचानको के महत्व छ ? राष्ट्रिय बाणिज्य बैंकमा निक्षेप खाता खोल्ने व्यक्तिले ग्राहक पहिचानका लागि के कस्तो विवरण उपलब्ध गराउनुपर्दछ ? उल्लेख गर्नुहोस् । १०
What is understood by 'Know Your Customers (KYC)" ? What is the importance of KYC in banking transactions ? What king of information should be provided by the person who opens a deposit account in Rastriya Banijya Bank ? Describe. 10

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार संचालक र प्रमुख कार्यकारी अधिकृतको नियुक्ति प्रक्रिया एवं निजहरूको दायित्वबारे छोटकरीमा वर्णन गर्नुहोस् । १०
Briefly mention about the appointment and key responsibilities of director and chief Executive Officer of Banks as per Bank and Financial Institution Act, 2073. 10

www.questionbanknepal.com

४. Negotiable Instrument भनेको के हो ? नेपालको कानूनी व्यवस्था अनुसार विभिन्न प्रकारका Negotiable instrument को बारेमा चर्चा गर्नुहोस् । ३+७=१०
What is Negotiable instrument ? Discuss about different types of Negotiable Instruments with reference to Nepalese legal provisions. 3+7=10

**खण्ड 'ख'** ४०

५. राष्ट्रिय बाणिज्य बैंकले तयार गर्ने वासलातमा रहने मुख्य शीर्षकहरू उल्लेख गर्दै ती शीर्षक अन्तर्गत लेखाङ्कन गरिने बित्तीय कारोबार वर्णन गर्नुहोस् । १०
Elaborate the major headings of Balance Sheet that is prepared by Rastriya Banijya Bank, describe the financial transactions that are mentioned under the headings. 10

६. 'जव लेखाप्रणालीको अन्त्य हुन्छ , तब लेखापरीक्षण शु रु हुन्छ ।' यस भनाईको व्याख्या गर्नुहोस् । आन्तरिक जाँच र आन्तरिक लेखापीक्षण बीच फरक छुट्टयाउनुहोस् । ५+५= १०
"Auditing begins where accountancy ends." Explain this statements. Differentiate between internal check and internal audit. 5+5=10

७. बैंकिङ्ग कारोबारमा क़र्जा जोखिम भन्नाले के बुझिन्छ ? यस्तो जोखिम न्यूनिकरण गर्न अवलम्वन गर्नुपर्ने उपायहरू उल्लेख गर्नुहोस् । १०
What is meant by Credit Risk in Banking Transactions ? Elucidate the measures to be adopted to minimize such risk. 10

८. जिन्सी व्यवस्थापन भनेको के हो ? जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक पर्ने चरणहरूका सम्बन्धमा चर्चा गर्नुहोस् । २+८=१०
What is inventory management ? Discuss the steps required for the effective inventory management. 2+8=10

**खण्ड 'ग'** २०

९. स्प्रेडसिटको परिभाषा दिनुहोस् । सेल, एक्टिभ सेल र सेल रेन्जबीच फरक छुट्टयाउनुहोस् । स्प्रेडसिट सफ्टवेयरको विशेषताहरूको सूचि बनाउनुहोस् । १०
